आज मिति २०८१/०६/११ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तप्त बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४६ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ ब. बुढाथोकी | वडा नं. २ (मनोनीत) सदस्य | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| | सहयोगी कर्मचारीहरु | | |
| १९ | श्री गोरख कुमार चामीहाने | ले. अ. | |
| २० | श्री राज तिलक थापा | [illegible] (सूचना प्रविधि [illegible]) | |

कार्यपालिका बैठक संख्या नं. ४६ स्थानः गाउँपालिका  मिति : २०८१/०६/११ गते

<u>छलफलका प्रस्तावहरु</u>

१.विभिन्न खोलाहरुको वातावरणीय परिक्षणको कार्यसूचीको, प्रस्ताव प्रस्तुति ,स्वीकृती र TOR  स्वीकृति सम्वन्धमा

२. विविध विषयहरुमा छलफल र निर्णय

गाउँ कार्यपालिकाको ४६औं बैठकका निर्णयहरु

निर्णय नं.१. यस गाउपालिकाको वडा नं १,२,३,५,६,८, र ९ वडामा रहेका विभिन्न खोलाहरुमा रहेको नदिजन्य पदार्थ उत्खनन/संकलन गर्ने प्रयोजनको लागि सिलबन्दी दरभाउ पत्रका आधारमा प्रतिस्पर्धावाट छनोट भएको इन्जिनियरको घर प्रालि जडिबुटी काठमाण्डौ (परामर्शदाता) रहेको पूर्वाधार शाखा/योजना शाखावाट प्रस्तावित कार्यसूचीको यो बैठकमा प्रस्तुति भयो , साथै वर्षायाममा खोलामा पानीको बहाव वढेको, निर्धारित समयमा काम सम्पन्न गर्न नसकिएकोहुदा म्याद थपको लागि निवेदन पेश भएकोले सो परामर्शदातावाट प्रस्तुत कार्यसूची स्वीकृत गरि काम गर्ने अवधि २०८१ कार्तिक मसान्त सम्म हुने गरि म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।साथै गाउकार्यपालिकाको पुर्व निर्णय अनुसार औधोगिक ग्रामको वातावरण परिक्षण गर्ने प्रयोजनको लागि पेश भएको TOR र लागत अनुमान स्वीकृत गरि कार्य प्रकिया शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं २. विविध विषयहरुमा छलफल गर्दा देहायका विषयहरुमा देहायको निर्णय सर्वसहमतिले पारित गरियो ।

क. पशु शाखावाट पेश भएको विधान समितिवाट स्वीकृत भएको रासिसोनारी गाउपालिकाको पशु सुत्केरी भत्ता(गाई ,भैंसी ) अनुदान संचालन कार्यविधि २०८१ स्वीकृत गरि कार्यन्वयन गर्ने ।

ख . रासिसोनारी गाउपालिकाको घ बर्गको इजाजत प्रदान गर्ने कार्यविधि २०८० वमोजिमको सिफारिस समितिवाट इजाजत पत्र उपलब्ध गराउनको लागि देहायका व्यक्तिको नाम, ठेगाना र फर्मको नाम कायम हुने गरि सिफारिस प्राप्त भएकोले घ वर्गको इजाजत प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अनुमति दिने ।

| सि. नं | प्रोप्राइटराको नाम | ठेगाना | कन्ट्रक्सनको नाम |
|---|---|---|---|
| १ | श्री आइतराम थारु | रासिसोनारी गाउपालिका- ३, वाँके | लोहोती निर्माण सेवा |
| २ | श्री नमेकुमार चौधरी | रासिसोनारी गाउपालिका- ४,वाँके | सुयदिव निर्माण सेवा |
| ३ | श्री सुनिल कुमार गिरि | रासिसोनारी-५,वाँके | गिरि निर्माण सेवा |

वाके जिल्ला निर्माण व्यवसायी संघको २०८१/६/०७ च नं ३५ को पत्रानुसार इजाजत पत्र प्रदान गर्ने समितिमा प्रतिनिधित्वको लागि अनुरोध भइ आएको तर गाउपालिकाको कानुनमा सो व्यवस्था नभएको सन्दर्भमा प्रारम्भिक सिफारिस गर्ने समितिको आमन्त्रित सदस्यको रुपमा पालिका भित्र रहेको स्थानीय निर्माण व्यवसायी समितिको प्रतिनिधिको सहभागिता गराउन घ वर्गको इजाजत सिफारिस समितिलाई निर्देशन दिने ।

ग.राप्ति नदीको पिप्रहवा र खल्ला झगडिया घाट फत्तेपुर -७ को उत्राही ठेक्काको लागि मिति २०८१/०८/०६ सम्म मात्र सम्झौता अवधि रहेको तथा सत्ती घाटमा उत्राही ठेक्काको लागि मिति २०८१/०८/०८ सम्मको सम्झौता अवधि रहेकोले पुन ठेक्का लगाउन आवश्यक भएकोले गत ठेक्का कबोल अंकमा १० प्रतिशले बढाई चालु आवको आर्थिक ऐनमा उत्राई दर रेट संशोधन भएको भए सो आधारमा र संशोधन नभएकोमा गत आवको दर रेटमा ठेक्का बन्दोवस्ती गर्न कार्यालयलाई निर्देशन दिने

घ. गाउपालिकामा दर्ता भएका टोल बिकास संस्थाहरुको नविकरणको लागि साधारण सभा गरि सोको प्रतिवेदन वडा कार्यालय मार्फत गाउपालिका पठाउन वडा कार्यालयहरुलाई निर्देशन गर्ने, साधारण सभा भई आए पछि सो को लेखा परिक्षण र शुल्क सम्वन्धमा अर्को कार्यपालिकाको बैठकमा पेश गरि निर्णय अनुसार गर्ने ।

ङ. जनताको तटवन्धन कार्यक्रम लमहीको च नं ६९ मिति २०८१/०६/४ गतेको पत्रको यो बैठकमा जानकारी सहित छलफल गरियो । सो कार्यालयको च.नं ४९८ मिति २०८१/०३/७ को पत्रको बिषयभा समेत छलफल भयो|पत्रानुसार Boulder/stones को नियमानुसारको रोयल्टी लिई सहयोग गर्न अनुरोध भएको जानकारी भयो । तर अन्य नदिजन्य पदार्थको रोयल्टीको उल्लेख नभएकोले स-शुल्क वा निशुल्क के हो ? सम्झौता वा लागत अनुमान वा कवोल के गरेको छ ? सो विवरण जनताको लागि तटवन्धन कार्यक्रमको कार्यालयको लिखित राय तथा सिफारिस र आवश्यक कागजात माग गरि निर्णय गर्ने ।

च .यस कार्यालयबाट नबिल बैंक लि. लाइ निशान बिल्डर्स नौबस्ता -८ बाकेले यस कार्यालयको नाममा जारी गरेको बैक ग्यारेन्टीबाट जरिवाना समेत गरि दुइ करोड बयासी लाख पच्चिस हजार पाच सय छयानब्बे रकम यस कार्यालयको हिमालय बैंकको खातामा जम्मा गर्ने लेखेको पत्रको यो बैठकमा जानकारी भयो ।

छ . किसान सूचीकरण कार्यक्रम अन्तर्गत संघिय तथा पालिकाको बजेटबाट गत आवमा वडा न २,३,७,र ८ का कुल ३९१६ घरको सुचिकृत भएको जानकारी भयो । सो मध्ये स्वीकृत ३५००, स्वीकृत गर्न बाँकी ७०, अस्वीकृत ६१ र अपूर्ण बिवरण ३१७ रहेको जाकारी भयो , यो चालु बर्षमा गाउपालिकाको पशु र कृषि शाखामा विनियोजित बजेटबाट खर्च गरी सबै वडाम काम सम्पन्न गर्ने र बजेट नपुग भएमा गाउपलिकाले मिल्दो बजेट शिर्षक हेरी खर्च व्यवस्था गर्ने र गणकको हकमा गत आवमा काम गरेका गणकलाई गत आवकै सुबिधा पाउने गरि काममा लगाउने र सबै कामको पूर्णता दिन निर्देशन दिने ।

ज. गाउपालिकाको सवारी चालक करण बिकले सेवाबाट अलग भइ सो स्थानमा सर्पदंश उपचार केन्द्रमा कार्यरत हरि कुमार चौधरीलाई काममा लगाइएकोले निजलाई करण बिकले पाउदै आएको सेवा सुबिधा उपलब्ध हुने गरि स्थान्तरण गर्ने ।

झ. पतन्जली योग पिठ बाकेले यस रासि सोनारी गाउपालिकामा सेवा बिस्तार गरि सेवा दिदै आइरहेकोमा सोको योगा स्थान/भवनमा भौतिक ब्यबस्थापन गर्ने प्रयोजनको लागि रु. ५० हजार बरावरको सहयोग बिल भरपाई पेश भएमा मिल्दो शीर्षकबाट सहयोग गर्ने ।

ञ. चालु आवको वार्षिक बजेटमा बिनियोजन भएका देहायका आयोजनाहरुमा बिनियोजन भन्दा बढी लागत अनुमान भएको हुदा आयोजना समेत अधुरो हुने हुनाले आगामी आर्थिक बर्ष ०८२/०८३ को सम्बन्धित वडाले पाउने बार्षिक वजेट सिलिंगबाट सम्बन्धित वडाले व्यहोर्ने गरि सबै वडाबाट प्रतिबध्दता प्राप्त भएको र यो बैठकमा ब्यापक छलफल भएकोले आयोजनाको लागत अनुमान स्वीकृत गरि ठेक्का लगाउन स्रोत सुनिश्चित गरि अभिलेख सहित काम शुरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

| आयोजनाको नाम | जिम्मेवार एबम बजेट ब्यबस्थापन गर्ने वडा (आव ०८२/०८३ ) |
|---|---|
| वडा नं ७ को प्रहरी चौकीको भवन निर्माण गर्ने कार्य | थप बजेट आगामी आवको वडाको सिलिंग बाट वडा नं ७ ले बजेट व्यहोर्ने |
| वैसा नर्सरी देखि नवलपुर चोक सम्म बाटो कालो पत्रे १ किमी | आगामी आवको वडाको सिलिंग बाट वडा नं ३ ले बजेट व्यहोर्ने |
| वेलासपुर सैपुरान टोल देखि मिलन चोक सम्म बाटो कालोपत्रे ९०० मिटर | आगामी आवको वडाको सिलिंग बाट वडा नं ३ ले बजेट व्यहोर्ने |
| वडा नं ९ को थारु गाउ सडक कालोपत्र (पिच ) गर्ने | आगामी वडाको सिलिंग बाट वडा नं ९ ले बजेट व्यहोर्ने |
| लटनिया देखि नयाँ बस्ति जाने बाटोको दुवै साइट पक्कि नाली निर्माण वडा नं ४ | आगामी वडाको सिलिंग बाट वडा नं ४ ले बजेट व्यहोर्ने |

ट. चालु आवमा बिभिन्न वडाको विभिन्न स्थानामा विभिन्न माध्यमबाट संकलन गरी जम्मा गरी रहेको सम्बन्धितको ब्यक्ति वा फर्मको निबेदन माग, पुरानो अनुगमन प्रतिबेदन समेत ,प्राविधिको प्रतिबेदन र वडाको सिफारिसका आधारमा तपशिलको नदिजन्य पदार्थको नियमानुसार राजश्व/जरिवाना तिरी निकासीको लागि कार्यालयबाट दिएको अनुमति समर्थन गर्ने ।

| माग गर्नेको नाम | स्थान | रकम रु | सवारी अनुमति को किसिम संख्या / समय |
|---|---|---|---|
| शुभ भाग्य लक्ष्मी सप्लायर्स बाँके | वडा.न २ मटैया | ५ लाख ५९ हजार भौचर नं ५१०२१ | भे १ ख ३१६९,भे १ ख ३७०७ को टिप्पर र भे१ क २०९१ जेसिबी /असोज १७ सम्मको अवधि |
| डिलबहादुर बस्नेत वडा नं २ निवासी | वडा नं-२ | १ लाख २९ हजार ६ सय भौचर नं ५१०२२ | भे १ क १५६४ को टिप्पर ,भे १ ख ३०४६ को टिप्पर भे १ ख ३४६९ टिप्पर र म.प्र.३००१ क २२२३को टिप्पर ,प्र.१००३ क ६६६९जेसिबी असोज २० सम्मको अवधि |
| बल बहादुर खड्का वडा नं २ | वडानं -२ राजपुर | ४५ हजार ७ सय ६५ रुपैया पैसा २२ भौचर नं ५१०२३ | मा.प्र.२३४७ टिप्पर , भे १ ख ३२३१ टिप्पर र महेन्द्रा on test भ्याकु लोडर /असोज १५ सम्मको अवधि |

ठ .इलाका प्रहरी कार्यालय कुशुमको माग अनुसार पालिकाको बजेट स्रोत हेरी फर्निचर/टेबल  खरिद गरि हस्तान्तरण गर्ने ।

ड. गाउपालिका भित्र रहेका सुरक्षा निकायको लागि गाउपालिकाबाट बिगत /गत आव देखि उपलब्ध गराउदै आएको कार्यपालिकाको निर्णय अनुसारको मासिक इन्धन सोहि दरमा निरन्तरता दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। ।कोहलपुर इलाका प्रहरी कार्यालयको अनुरोध अनुसार हाल एक पटक ६० लि. डिजेल उपलब्ध गराउने तथा ट्राफिक प्रहरी धामपुरलाइ १५ लि. पेट्रोल दिने ।गाउपालिका भित्र वा बाहिरका अन्य कुनै निकाय वा व्यक्तिलाई इन्धन दिनु पुर्व माग फारम (अन्य निकाय/व्यक्तिको हकमा ) लगबुक र माग फारम  ( कार्यलयको लागि मात्र ) समेत पेश गरि मितव्ययिता अपनाउने, अभिलेख व्यवस्थापन गर्ने , अधिकृत स्तरका शाखा प्रमुख र अन्य कर्मचारीको कामको चाप र  अवस्था हेरी मासिक दिदै आएको इन्धनमा थप ब्यबस्थापन गर्नु परेमा सोको सम्पुर्ण अधिकार प्रमुख प्रशासकीय अधिकृतलाइ हुने , मर्मतको खर्चमा मितव्ययीता अपनाउने । मर्मत सम्भारको अभिलेख ब्यबस्थापन गर्ने । कार्यालयमा कार्यरत कर्मचारीको बिगतमा दिदै आएको इन्धनमा निरन्तरता दिने ।

ढ. वडा नं २ मा रहेको लक्ष्मी मावीको छात्रावास भवन निर्माणको लागि बोलपत्र आह्वान भइ काम अन्तिम चरणमा पुगी निर्माण व्यवसायीले रकम माग गरेकोले  बिधालयले गरेको प्रतिबदता अनुसारको रकम दाखिला नगरेकोहुदा उक्त प्रतिबद्ता अनुसारको रकम दाखिला गर्न सो विद्यालयलाई ताकेता  पत्राचार गर्ने ।

ण.वडा नं ४ को कार्यालयको भाद्र ३० को  च.नं २५३ को पत्रानुसार वडा नं ४ को पर्सोहनामा सिद्धकुमाखी मन्दिर र सल्यानी समाज बाँकेले असोज २८ देखि कार्तिक ३ सम्मको लागि सिद्ध कुमाखी पुजा अर्चना , विभिन्न सास्कृतिक कुमाख मेला तथा खेलकुद गर्न कार्यालयबाट भाद्र ३१ मा दिएको अनुमति समर्थन गर्ने ।

त. रासिसोनारी अस्पतालमा कार्यरत मेडिकल अधिकृतले ( करार ) राजिनामा दिएकोले काम गरेको अवधिभरको नियमानुसार तलव दिने र नयां विज्ञापन गरि सेवा प्रवाहको व्यबस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

थ. कृषि शाखाको चालु आवको चैते धान प्रवर्धन कार्यक्रम वडा  नं ३ र ८ मा साझेदारीमा संचालन गर्ने ।

द. हुलाकी राजमार्गमा सवारी चाप वढोत्तरी भइ दूर्घटना हुनेको संख्या दिनानुदिन बढ्दै गइ रहेकोले सुरक्षाको स्थितिलाई ध्यानमा राखी ट्राफिक पोस्टको व्यवस्था गरि दिनको लागि जिल्ला प्रशासन कार्यालय बाँक र जिल्ला प्रहरी कार्यालयमा अनुरोध गर्ने ।

ध. मिति २०८१ साउन ३२ मा भएको सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धि निर्यण नं ४ को १० को क र ख को निर्णय कार्यान्वयनको लागि सुरक्षा निकायको सहयोग लिई खाली गराउने ब्यबस्थाको लागि वडा कार्यालय संग समन्वय गरि सम्पन्न गर्ने।

न. गाउपालिकाको शिक्षा समितिवाट शैक्षिक सत्र २०८१ को रास्ट्रपति रनिंग शिल्ड खेलकुद छनोट प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागि फुटवल ,क्रिकेट ,मार्शल आर्ट ( तेक्वान्दो , कराते, उसु ) कबड्डी , एथलेटिक्स विधामा खेल प्रशिक्षकको व्यवस्थापनको लागि अनुरोध भइ आएकोमा गाउपालिकाको शिक्षा शाखामा बिनियोजन भएको बजेटबाट खर्चे हुने गरि सार्वजनिक सुचनाको प्रकाशन गरि सुचिकृत भएका खेलकुद प्रशिकबाट काममा लागाउने ब्यबस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

प. श्री नेपाल राष्ट्रिय माबि धामपुरमा कार्यरत शिक्षक ( श्री रामशरण थारु अंग्रेजी र अजय दहित गणित /बिज्ञान ) बिधालयबाट घर फर्कदै गर्दा वडा नं -४ धामपुरमा बिपरित दिशाबाट आएको मोटरसाइकलले ठक्कर दिदा दुवै जनाको उपचारको क्रममा निधन भएकोले निजहरुको घरका परिवारलाई जनही किरिया खर्चबापत २५/२५ हजार सहयोग उपलब्ध गराउने ।

फ.वडा नं १ को स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी कर्मचारी हेमा डाँगीको उपचारको क्रममा निधन भएकोले  निजको लागि रु ५० हजार आर्थिक सहयोग दिने  ।अन्य देहाएका बाढी पिडित र मृतकहतुलाई देहाए अनुसार राहत रकम उपलब्ध गराउने

| क.सं | नाम थर | ठेगाना | रकम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खुशी राम चौधरी | रा.सो. ७ | ५हजार | ९८६६२१४३५४ | घर चर्केको |
| २ | हस्ते सार्की | रा.सो. ५ | ५हजार | ९७६९२४२१४३ | मृतक |
| ३ | देव बहादुर खत्री | रा.सो. ५ | ५हजार | | घर भत्किएको |
| ४ | शेर बहादुर खड्का | रा.सो. ८ | ५हजार | ९७४४३९९०५९ | घर भत्किएको |
| ५ | विरे खत्री | रा.सो. ८ | ५हजार | | घर भत्किएको |
| ६ | आइतवारी थारु | रा.सो. ३ | १० हजार | ९८६८१४०१३१ | मृतक |
| ७ | यशोदा डाँगी | रा.सो. २ | ५हजार | | घर भत्किएको |
| ८ | खिमलाल डाँगी | रा.सो. ९ | ५हजार | | घरको भित्ता भत्किएको |
| ९ | विनिता थारु | रा.सो. ९ | ५हजार | ९८६४९०३४३७ | घरको भित्ता भत्किएको |
| १० | लाल विरिया थारुनी | रा.सो. ९ | ५हजार | ९८६८२२२७२८ | घरको भित्ता भत्किएको |
| ११ | माया कुमारी थारुनी | रा.सो. ९ | ५हजार | ९७०८५९४८८० | घरको भित्ता भत्किएको |
| १२ | गिरधरी थारु | रा.सो. २ | ५हजार | | मकै वाली क्षति |
| १३ | सोमराज चौधरी | रा.सो. २ | ५हजार | ९८६६८४०७९३ | मकै वाली क्षति |
| १४ | फुलमती रास्कोटी | रा.सो. ३ | १० हजार | ९८४२३४५६८९ | खोलामा डुबेर मृत्यु |
| १५ | खोम वहादुर दसौदीको परिवार दुइ जना मृतकको | रा.सो. १ | १०/१० हजार गरि २० हजार | | २ जना मृतक |
| १६ | फुल कुमारी थारु | रा.सो. १ | १० हजार | ९७४९९७३११२ | मृतक |

ब) यस गाउपालिकाको ठेक्का नं. RSRM works /080/081/12 को विभिन्न विधालयहरुमा जिब्सन लगाउने तथा शौचालय मर्मत गर्ने कामको लागि निर्माण व्यवसायी श्री रोयल निर्माण सेवाले निर्धारित समयमा बडादशैंको समयमा कामदार अभावको कारण देखाई समयमै काम सम्पन्न गर्न नसकेको हुनाले एक महिना म्याद थपको लागि निबेदन दिएकोले सो निर्माण सेवाको माग अनुसार २०८१ कार्तिक मसान्त सम्मको लागि म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने |साथै बोलपत्र आहावन गर्दा तोकिएको बिधालयमा तत्काल प्रयोग गर्नु नपर्ने , भवन पनि नयाँ देखिएको, अन्य बिधालयको पूर्वाधार कमजोर र सो बिधालयमा तत्काल काम नगर्दा हुने भएकोले आवश्यक भए पुन व्यवस्थापन गर्ने गरि प्राविधिकले पेश गरे अनुसार हाल गर्नु पर्ने काम सोहि परिमाणमा कुनै फरक नपर्ने गरि आवश्यकता अनुसार जनता माबि वैजनाथ को २५२ वर्गमिटर जिप्सन , १०४.६६ स्क्वायार मिटर प्लास्टर र ३८.५१ स्क्वायर मिटर टायल अमर ज्योति माविमा थप गर्ने . सिद्धेश्वर प्रावीको २ इन्चको ८४ स्क्वायर मिटर पिसिसीलाइ पनि अमरज्योति माविमा थप गरि काम गर्ने .सोहि अनुसार नेपाल रास्ट्रीय प्रावी को ४२ स्क्वायर मिटर जिप्सनलाइ अमरज्योति माविमा थप गर्ने, नेपाल रास्ट्रिय मावी कुम्भरको १३.४४ क्युमिटर पिसिसी लाइ रास्ट्रीय मावी गुलारिमा थप गरि निर्धारित समयमा काम सम्पन गर्न प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित ब्यवसायीलाई निर्देशन दिने ।

भ) सङ्घीय सरकारबाट यस गाउँपालिकाको लागि खाधान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान ,गहुँ ) /गहुँ बालीको स्रोत बिउ उत्पादन अनुदान कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट उन्नत गहुँको बिउ खरिद गरि ५० प्रतिशत अनुदानमा बितरण गर्ने कार्यक्रम संचालन गर्नु पर्ने भएको तर यस आर्थिक बर्षमा कृषि विभागको च .नं १४९ मिति २०८१/०६/१० को पत्रानुसार यस बर्ष उन्नत बिउ उपयोगमा मुल्य अनुदान उपलब्ध गराउनको लागि बिविध कारणबश Digitally Enable seed management system (DESES) खुल्न नसकेको र सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्यक्रम संचालन गर्न पत्र प्राप्त भइ आएकोले विभागबाट गत आर्थिक बर्ष कायम भएको उन्नत गहुँ प्रति किलो रु. ७०|- रुपैया न्युनतम मुल्य दरलाइ नै यस बर्षको न्युनतम मुल्य रु.७०|- प्रति किलो कायम गरि प्राप्त पत्रानुसार सार्बजिक सुचना जारी गरि सिलबन्दि दरभाउपत्रका माध्यमबाट खरिद गरि अनुदानमा गहु वितरण गर्ने ब्यबस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

गाउपालिकाका अध्यक्ष ज्युको निर्देशन अनुसार अर्को बैठकको आदेश नहुन्जेल सम्मको लागि यो बैठक समापन्न गरियो ।